# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाडौं

मिति: २०७५।०९।०३ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

श्री प्राथमिक विद्यालय, कडहर्वा पिप्रा, सिरहाका प्रधानाध्यापक रामप्रसाद यादवले शौचालय तथा मर्मत शिर्षकमा निकासा रकम, कर्मचारीहरुको संचयकोष र नागरिक लगानी कोष रकम एवं बिद्यार्थीको नक्कली हस्ताक्षर गरी छात्रवृत्तिको रकम समेत हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निज प्रधानाध्यापक रामप्रसाद यादवले आर्थिक वर्ष २०६५/०६६ देखि २०७२/०७३ सम्ममा विद्यालयको छात्रवृत्ति, दलित छात्रवृत्ति, अपाङ्ग र सिमान्तकृत छात्रवृत्ति तथा बिद्यालयको भौतिक निर्माण(शौचालय र कक्षाकोठा पुनःस्थापना) को लागि बजेट निकाशा भएकोमा उक्त निकासा भएको बजेट बमोजिमको कार्य सम्पन्न नगरी विद्यालयको भौतिक निर्माण तर्फ रु.३,४१,०४४।३५(तिन लाख एकचालिस हजार चौवालिस रुपैया पैंतिस पैसा) र छात्रवृत्ती वितरणबाट बाकीँ रहेको जम्मा रु.२,१०,६४०।-( दुई लाख दश हजार छ सय चालीस) गरी कुल रु.५,५१,६८४।३५(पाँच लाख एकाउन्न हजार छ सय चौरासी रुपैया पैतिंस पैसा) नेपाल सरकारको सम्पत्ति आफै लिने खाने बदनियतसाथ हिनामिना हानिनोक्सानी गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुँदा निजलाई बिगो रु.५,५१,६८४।३५ कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिम बिगो असुल गरी सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम सजाय हुन मागदाबी लिई आज बिशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता